## संलग्न गर्नुपर्ने कागजातहरु

भवन ऐन २०५५ अनुसार बर्ग "क","ख", ग" र "घ", किसिमका भवनहरुको नक्शा तयार गर्नको लागि सूचीकृत हुन चाहने **फर्मले** आवेदनसाथ देहायका कागजात संलग्न गरि तपसिल अनुसारको व्यक्तिगत वायोडाटा संलग्न गर्नु पर्नेछ।

(क) नक्सा तयार गर्ने उद्‌देश्यको लागि सम्बन्धित निकायबाट प्रदान गरेको फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र को प्रतिलिपि,

(ख) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्‌धि कर दर्ता प्रमाणपत्र ,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) तपसिल बमोजिमका जनशक्तिको वायोडाटा।

तपसिल:

| सि नं | बर्ग | जनशक्ति |
|---|---|---|
| १ | "क" | क. स्ट्रक्चरल ईन्जिनियरिङ्ग/Earthquake ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको ईन्जिनियर कम्तीमा एकजना<br>ख. आर्किटेक्चर ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना<br>ग. ईलेक्ट्रिक ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना<br>घ. सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना |
| २ | "ख" | सिभिल वा आर्किटेक्चर ईन्जिनियरिङ्ग विषयमा मा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना |
| ३ | "ग"र "घ" | सिविल वा आर्किटेक्चर ईन्जिनियरिङ्गमा डिप्लोमा गरेको जुनियर ईन्जिनियर कम्तीमा एकजना |

भवन ऐन २०५५ अनुसार बर्ग "ख", 'ग' र 'घ' किसिमका भवनहरुको नक्शा तयार गर्नको लागी सूचीकृत हुन चाहने **व्यक्तिले** आवेदनसाथ माथी उल्लेखित बुंदा नं २ र ३ अनुसारको व्यक्तिगत वायोडाटा संलग्न गर्नु पर्नेछ।

नोट : पेश भएका स्नातक गरेका प्राबिधिक जनशक्ति नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा अनिवार्य दर्ता भएको हुनुपर्ने।

## सूचीदर्ता शुल्क

सूचिकृत हुनका लागि नगरपालिकाले देहायबमोजिमको दस्तूर लिई सूचिकृत व्यक्ति वा फर्मलाई नक्सा तयार गर्ने इजाजत प्रमाणपत्र दिनेछः-

(क) "क" वर्गको भवनहरुको नक्शा तयार गर्ने सूचिकृत कन्सल्टेन्ट फर्मको लागी रकम पन्ध्र हजार रुपैया मात्र (रु.१५,०००।-),

(ख) "ख" "ग" र "घ" वर्गको भवनहरुको नक्शा तयार गर्ने सूचीकृत कन्सल्टेन्टहरुको लागी दश हजार रुपैया मात्र (रु. १०,०००।-),

(ग) डिजाइनरले व्यक्तिगत हिसाबले काम गर्ने गरि सूचीकृतको लागि पाँच हजार रुपैया मात्र (रु. ५,०००।-)।